आज मिति २०७८।१०।१५ गतेका दिन यस सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक (बैठक नं. १३) यस गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माको अध्यक्षतामा बसी तपसील बमोजिमका निर्णयहरु गरियो ।

तपसील

१. श्री झगबहादुर विश्वकर्मा – अध्यक्ष
२. श्री मिना कुमारी सोमै – उपाध्यक्ष
३. श्री बसन्तबहादुर जि.सी. – २ नं. वडा अध्यक्ष
४. श्री चिन्त बहादुर सोमै – ४ नं. ,, ,,
५. श्री भिम बहादुर मर्साङ्गी – ३ नं. ,, ,,
६. श्री तुल बहादुर रोका – ६ नं. ,, ,,
७. श्री मुकुन्दराज शर्मा – १ नं. ,, ,,
८. श्री सन्त बहादुर बराल मगर – ५ नं. ,, ,,
९. श्री मोहम्मद हलिम रुलुवाइ – कार्यपालिका सदस्य
१०. श्री टंक प्रसाद सुनार – ,, ,,
११. श्री सुशीला के.सी. – ,, ,,
१२. श्री चान्द्रिमा थापा – ,, ,,
१३. श्री जिवा सुनार – ,, ,,
१४. श्री खिमा सुवेदी – ,, ,,
१५. श्री शारदा खनाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति

१. श्री माने बहादुर गुरुङ, ना.सु.
२. श्री मोहम्मद वजिर आलम, लेखापाल
३. श्री सुखदेव गौतम, का.स.
४. श्री घनबहादुर राना, ,,

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बबाँडा प्यूठान ५ नं. प्रदेश, नेपाल २०७३

प्रस्ताव नं.१. कार्यविधि पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको प्रथम गाउँसभाबाट स्थापना गरिएका विभिन्न कोषहरु विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष, विपन्न असहाय कोष र दीर्घ रोग स्वास्थ्य कोषमा विनियोजन गरिएको बजेट कार्यान्वयनका लागि आवश्यक देहायबमोजिमका कार्यविधिहरु पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

## सरुमारानी गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि
## २०७४
## सरुमारानी गाँउ कार्यपालिकाको कार्यालय
## बड्डाँडा,प्युठान ।

"विपद् कोष व्यवस्थापन कार्यविधि २०७४"

### प्रस्तावना

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई,जथाभावी वन फडानी तथा अतिक्रमण,अवैज्ञानिक खेती प्रणाली , जनसंख्याको बढ्दो चाप,अव्यवस्थित शहरीकरण,अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाकोकमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो,महामारी,झाडा पखाला,अनिकाल आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपदबाट जीउधन माथी भएको क्षति त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय तह संचालन सम्बन्धि आदेश २०७४ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकम गाँउपालिका विपद् कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि विपद्कोष व्यवस्थापन कार्यविधि २०७४ लागु गरिएको छ ।

### उद्देश्य :-

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।
(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिवृद्धि गर्नु ।
(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।
(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलब्ध गराउनु ।
(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।
(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलब्ध गराउनु ।
(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।
(ज) विपदका लागि लागु हुने प्रयास रोकथाम मूलक नबनाइ उपचार मूलक बनाउनु ।
(झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।
(ञ) विपद् सम्बन्धी सूचना दिने प्रविधिको व्यवस्थापन गर्नु ।

### परिच्छेद – एक
### संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम :- यस कार्यविधीको नाम सरुमारानी गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ रहनेछ ।
(२) यो कार्यविधि आर्थिक वर्ष २०७४।०७५ देखि नै लागु हुनेछ ।



Scanned with CamScanner

## परिच्छेद – दुई
### परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) विपद् कोष :- स्थानीय तहको शासन सञ्चालन सम्वन्धि आदेश २०७४ बमोजिम सरुमारानी गाँउपालिकामा स्थापित विपद् कोष बुझिनेछ ।

(ख) कार्यविधि भन्नाले सरुमारानी गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ लाई बुझाउने छ ।

(ग) व्यवस्थापन समिति :- भन्नाले विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ सञ्चालन समितिलाई बुझाउछ ।

(घ) गा.पा. भन्नाले :- सरुमारानी गाँउकार्यपालिकाको पालिकाको कार्यालय, प्युठानलाई जनाउछ ।

(ङ) विपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने बाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(च) प्राकृतिक विपद् भन्नाले बाढी,अतिवृष्टि, अनावृष्टि,खडेरी, आँधी, असिनापानी,भूकम्प,ज्वालामुखी विष्फोट, बाढी, पहिरो,चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) गैर प्राकृतिक विपद् भन्नाले महामारी,अनिकाल,डढेलो,कीट आतङ्क,वर्डफ्लु,सर्पदंश,जनावर आतङ्क खानी दुर्घटना,औद्योगिक दुर्घटना, आगलागी,विषाक्त ग्यास वा रसायन चुहावट,विकिरण,ग्यास विष्फोटन विशाक्त खाद्य सेवन,वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण,विपद् पूर्वतयारी,विपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ) विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन,विपद् रोकथाम,विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद – तीन
### व्यवस्थापन समिति गठन

(१) विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय बमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।



भरत बहादुर विश्वकर्मा गाँउपालिका अध्यक्ष

सरुमारानी गाँउपालिका गाउँ कार्यपालिकाको कार्यालय खबडीबास प्युठान ५ नं. प्रदेश, नेपाल २०७३

(१) गाँउपालिका अध्यक्ष – संयोजक
(२) गाँउपालिका उपाध्यक्ष – सदस्य
(३) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(४)वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य
(५) इन्जिनियर/प्राविधिक शाखा प्रमुख – सदस्य
(८)ढुंगेगढी प्रहरी चौकी प्रमुख – सदस्य
(९)रेडक्रसको प्रतिनिधि सदस्य
(१०)गाउपालिकाको स्वास्थ्य प्रतिनिधि – सदस्य
(११) योजना शाखा प्रमुख – सदस्य
(१२) आर्थिक प्रशासन शाखा प्रमुख– सदस्य
आवश्यकता परेमा विपद् कोष व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ।

(२) समितिको काम कर्तव्य र अधिकार

- गाँउपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने।
- गाँउपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाँउ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने।

## परिच्छेद–चार

### समितिको बैठक

गणपुरक संख्या

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ। तर आपतकालिन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन गा.पा.का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन्।

## परिच्छेद–पाँच

### कोषको स्थापना र सञ्चालन

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ।

(क) सरुमारानी गाउँपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोत

(२) कोषको सञ्चालन : यस कोषको रकम गाँउपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ अनुसार खर्च गरिनेछ ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(४) लेखा परीक्षण: यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ ।

## परिच्छेद – छ

### उद्धार तयारी व्यवस्थापन :

(क) विपद्को जोखिममा रहेको क्षेत्रको व्यवस्था गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न,औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाँउपालिका विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय,स्वास्थ्य केन्द्र बाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुलाक्षेत्रहरु प्रयोग गर्ने ।

## परिच्छेद – सात

### आपतकालिन उद्धार तथा राहत वितरण :

(क) विपद्बाट पिडीत परिवारलाई गाउँ कार्यपालिकाको निर्णय बमोजिमको उपयुक्त रकम राहत स्वरुप सहयोग उपलब्ध गराउने ।

तर आकस्मीक रुपमा सहयोग गर्नुपर्नेमा गाउँपालिकाको अध्यक्षको सल्लाह बमोजिम आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ र त्यसको अनुमोदन कार्यपालिकाबाट गराउनुपर्नेछ ।

(ख) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन,आवश्यक सहयोग र समन्वय गर्ने ।

(ग) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलब्ध गराइने छ ।

(घ) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

## परिच्छेद – आठ

### अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :

(१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।

(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

## परिच्छेद – नौ

### संशोधन तथा परिमार्जन सम्वन्धमा :

(१) गाँउपालिका विपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकावाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद – दश

### खारेजी तथा वचाउः

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा "स्थानीय तहको शासन सञ्चालन सम्वन्धि आदेश २०७४", "स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४" को नियम तथा अन्य प्रचलित कानुन संग वाझिएको हकमा वाझिएको हदसम्म खारेजी हुनेछ ।

सरुमारानी गाँउपालिकाको मर्मत सम्भार कोष व्यवस्थापन कार्यविधि
२०७४
सरुमारानी गाँउ कार्यपालिकाको कार्यालय
बड्डाँडा,प्युठान ।

"मर्मत सम्भार कोष व्यवस्थापन कार्यविधि २०७४"

१ पृष्ठभुमि :

विभिन्न कारणहरुले भौतिक संरचनाहरुमा नोक्सानी भई समुदायलाई तत्काल आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउनुका साथै क्षति भएका भौतिक संरचनाहरुको तत्काल मर्मत सम्भार गरी समस्याहरुलाई तत्काल समाधान गर्नुपर्ने हुन्छ । त्यसैगरी भौतिक संरचनाहरुको निर्माणको क्रममा कतिपय अवस्थामा विनियोजित बजेट अपुग भएर पनि समस्या उत्पन्न हुनसक्छ र त्यस्ता समस्याहरुलाई तत्काल समाधान गर्नुपर्ने हुन्छ । समस्या समाधान गर्नका लागि सरुमारानी गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित आ.व. २०७४/०७५ को वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत मर्मत सम्भार प्रयोजनका लागि रु २० लाख बजेट विनियोजन गरिएको छ । यस प्रकारको व्यवस्थाबाट गाउँपालिकामा आईपर्ने मर्मत सम्भार सम्वन्धि समस्याहरु समाधान हुने देखिएको छ । गाउँपालिकामा पूजिगत खर्च तर्फ गाउँपालिकास्तरीय मर्मत सम्भार व्यवस्थापन गर्ने प्रयोजनका लागि योजनाको छनौट, लागत अनुमान, कार्यान्वयन प्रक्रिया भुक्तानी विधि, अनुगमन तथा मूल्याङ्कन, लेखा व्यवस्थापन र लेखा परीक्षण, जाँचपास तथा फरफारक, प्रतिवेदन आदि व्यवस्थापन गर्ने विधि र प्रक्रियाका लागि कार्यविधि आवश्यक भई सो सम्वन्धी मर्मत सम्भार कोष व्यवस्थापन कार्यविधि २०७४ स्वीकृत गरिएको छ ।

२ उद्धेश्य :

मर्मत सम्भार कोष व्यवस्थापन कार्यविधि २०७४ को उद्धेश्य निम्नानुसारका रहेका छन् ।

(क) आयोजनाहरु दिगो रुपमा सन्चालन भईरहने र त्यसबाट सेवा/सुविधा र उपभोग निरन्तर लिन सकिने ।

(ख) स्थानीय श्रम सीप र कम लागतमा मर्मत सम्भार गर्न सकिने ।

(ग) खानेपानी, सडक, विद्युत, तटबन्ध आदि जस्ता अत्यावश्यक संरचनाको तत्कालै मर्मत सम्भार गर्न सकिने ।

(घ) छिटो छरितो निर्णय गरी गाउँपालिकावासीहरुलाई सेवा सुविधा प्रदान गर्न सकिने ।

३. खर्च गर्ने कार्यक्षेत्र

गाउँपालिकामा विनियोजित गरिएको मर्मत सम्भार कोषबाट देहाय बमोजिमको क्षेत्रहरुमा खर्च गरिनेछ ।

(क) कल्भेट मरमत सम्भार ह्यूमपाईप मर्मत तथा खरिद कार्य,

(ख) वडा कार्यालय/सामुदायिक भवनहरु मर्मत कार्य,

(ग) खानेपानी पाईप तथा धारा मर्मत,

(घ) नाली सरसफाई तथा मर्मत,



Scanned with CamScanner

(ङ) विद्युत लाईन मर्मत तथा भाँचिएका पोल मर्मत,
(च) सडकका खाल्टा खुल्टी पुर्ने, कालोपत्रे टाल्ने तथा मर्मत सम्भार गर्ने,
(छ) तटवन्ध, बाँध मर्मत तथा ग्याबिन जाली लगाउने कार्य,
(ज) सामुदायिक विद्यालय/स्वास्थ्य केन्द्रहरुमा आकष्मिक/भैपरि आउने मर्मत कार्य,
(झ) झोलुङ्गेपुल/काठेपुल मर्मत सम्भार,
(ञ) वडा क्षेत्रभित्र हुन सक्ने अन्य आकष्मिक/भैपरि आउने स-साना मर्मत तथा अन्य कार्यहरु,
(ट) मठ/ मन्दिर/ गुम्वा/ चर्च/ मस्जिद इत्यादि धार्मिक सम्पदाहरुको मरमत संभार कार्य,

**४.खर्च गर्ने विधि र प्रक्रिया**

यस सरुमारानी गाउँपालिका भित्र आइपर्ने मर्मत सम्भारका लागि विनियोजित रकमको खर्च गर्ने विधि निम्नानुसारको हुनेछ ।

(क) पूँजीगत खर्च तर्फको यस विनियोजित रकमबाट मर्मत सम्भार कार्यका लागि गाउँकार्यपालिकाले निर्णय गरेबमोजिम खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

तर आकस्मीक रुपमा सहयोग गर्नुपर्नेमा गाउँपालिकाको अध्यक्षको सल्लाह बमोजिम आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ र त्यसको अनुमोदन कार्यपालिकाबाट गराउनुपर्नेछ ।

(ख) निर्णय बमोजिमका कार्यहरुको प्राविधिकबाट ल.ई गरी वडा कार्यालयको प्रत्यक्ष रेखदेखमा सम्वन्धित उपभोक्ता/टोल विकास संस्था/लाभग्राही समूहलाई निर्माण कार्यको जिम्मेवारी दिइनेछ ।

(ग) कार्य सम्पन्न भएको जानकारी प्राप्त भए पश्चात सम्वन्धित प्राविधिक कर्मचारीबाट मूल्याङ्कन/सिफारिस गर्नुपर्नेछ ।

(घ) अनुगमन तथा निरीक्षण प्रतिवेदन, आवश्यक बिल भर्पाइ/डोर हाजिरीका आधारमा वडा कार्यालयको निर्णय बमोजिम योजना कार्यान्वयन गर्ने व्यक्ति/फर्म/संस्थालाई भुक्तानी दिइनेछ ।

(ङ) पूँजीगत खर्च तर्फको यस मर्मत सम्भारका लागि विनियोजित बजेट रकम प्रशासनिक खर्च, अनुदान, आर्थिक सहायता तथा चन्दामा खर्च गर्न पाइनेछैन ।

**५ अनुगमन तथा सुपरिवेक्षण**

(क) यो कार्यविधि बमोजिम सञ्चालित कार्यहरुको अनुगमन गाउँपालिकाले गर्नेछ ।

(ख) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमनको प्रतिवेदन गाउँ कार्यपालिका कार्यालयलाई पेश गर्नुपर्नेछ ।

**६ लेखा व्यवस्थापन तथा लेखा परीक्षण**

(क) गाउँपालिकामा विनियोजित मर्मत सम्भार कोषको रकम गाउँ कार्यपालिका कार्यालय मार्फत निकासा गरिनेछ ।

(ख) निकासा रकम खर्च गर्ने प्रयोजनका लागि गाउ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट खाता संचालन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

**७. अन्य**

(क) यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम हुनेछ भने यसमा उल्लेख नभएको विषयहरुको हकमा सार्वजनिक खरिद ऐन नियमावली तथा स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित ऐन कानून नियम बमोजिम हुनेछ ।

(ख) योजना कार्यान्वयनमा गाउँ सभा तथा गाउँ कार्यपालिकाको वैठकबाट पारित नीति निर्देशनको अधिनमा रहि कार्य सम्पादन गर्नुपर्नेछ ।

(ग) गाउँपालिका मर्मत सम्भार कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## ८. खारेजी तथा बचाउ

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा "स्थानीय तहको शासन सञ्चालन सम्वन्धि आदेश २०७४", "स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४" को नियम तथा अन्य प्रचलित कानुन संग वाभिएको हकमा वाभिएको हदसम्म खारेजी हुनेछ ।

सरुमारानी गाँउपालिकाको विपन्न असहाय कोष व्यवस्थापन कार्यविधि
२०७४
सरुमारानी गाँउ कार्यपालिकाको कार्यालय
बड्डाँडा,प्युठान ।

"विपन्न असहाय कोष व्यवस्थापन कार्यविधि २०७४"

## १.पृष्ठभूमि

यस सरुमारानी गाउँपालिकाभित्र रहेका आर्थिक रुपले विपन्न, एकल महिला, ज्यष्ठ नागरिक, अनाथ बालबालिका,अशक्त, अपांगहरुलाई सहयोग गर्न विपन्न असहाय कोषको व्यवस्था गरिएको छ । यसै अनुरुप सरुमारानी गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित आ.व. २०७४/०७५ को वार्षिक वजेट नीति तथा कार्यक्रम अन्तर्गत विपन्न असहायलाई सहयोग प्रयोजनार्थ रु.४ लाख वजेट विनियोजन गरिएको छ । गाउँपालिकामा पूजिगत खर्च तर्फ गाउँपालिकास्तरमा विपन्न असहायहरुलाई गरिने सहयोग व्यवस्थापन गर्नका लागि विपन्न असहाय कोष व्यवस्थापन कार्यविधि २०७४ स्वीकृत गरिएको छ ।

## २ उद्धेश्य :

विपन्न असहाय कोष व्यवस्थापन कार्यविधि २०७४ को उद्धेश्य निम्नानुसारका रहेका छन् ।
(क) सरुमारानी गाउँपालिका भित्रका विपन्न असहाय व्यक्तिहरुलाई सहयोग गरी लोककल्याणकारी राज्यको अनुभुती गराउनु ।

## ३. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम सरुमारानी गाउँपालिकाको विपन्न असहाय कोष कार्यविधि २०७४ रहनेछ ।
ख) यो कार्यविधि आर्थिक वर्ष २०७४।०७५ देखि नै लागू हुनेछ ।

## ४.खर्च गर्ने विधि र प्रक्रिया

यस सरुमारानी गाउँपालिका भित्रका विपन्न असहायहरुका लागि विनियोजित रकमको खर्च गर्ने विधि निम्नानुसारको हुनेछ ।
(क) पूँजीगत खर्च तर्फको यस विनियोजित रकमबाट विपन्न असहायको सहयोग कार्यका लागि गाउँकार्यपालिकाले निर्णय गरेबमोजिम खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
तर आकस्मीक रुपमा सहयोग गर्नुपर्नेमा गाउँपालिकाको अध्यक्षको सल्लाह बमोजिम आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ र त्यसको अनुमोदन कार्यपालिकाबाट गराउनुपर्नेछ ।

## ५. लेखा व्यवस्थापन तथा लेखा परीक्षण



Scanned with CamScanner

(क) गाउँपालिकामा विनियोजित विपन्न असहाय कोषको रकम गाउँ कार्यपालिका कार्यालय मार्फत निकासा गरिनेछ ।

(ख) निकासा रकम खर्च गर्ने प्रयोजनका लागि गाउ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतवाट खाता संचालन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

६. अन्य

(क) यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम हुनेछ भने यसमा उल्लेख नभएको विषयहरुको हकमा प्रचलित ऐन कानून नियम बमोजिम हुनेछ ।

**७. संसोधन तथा परिमार्जन सम्वन्धमा**

गाउँपालिका विपन्न असहाय कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकावाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**८. खारेजी तथा बचाउ**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा “स्थानीय तहको शासन सञ्चालन सम्वन्धि आदेश २०७४”, “स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४” को नियम तथा अन्य प्रचलित कानुन संग वाझिएको हकमा वाझिएको हदसम्म खारेजी हुनेछ ।



Scanned with CamScanner

# दिर्घरोग स्वास्थ्य कोष व्यवस्थापन कार्यबिधि २०७४
## सरुमारानी गाउँपालिका, प्यूठान

यस सरुमारानी गाउँपालिकाभित्र बसोबास गर्ने दिर्घरोगी नागरिकहरुलाई औषधि उपचार बापत आर्थिक सहायता उपलब्ध गराउन यस सरुमारानी गाउँपालिकाको आ.व. २०७४/०७५ को गाउँ सभाको निर्णय अनुसार एउटा दीर्घ रोग स्वास्थ्य कोष स्थापना गरी रु ५०००००। बजेट विनियोजन गरिएको छ । सो कोषको बजेट व्यवस्थापन गर्नको लागि दीर्घ रोग स्वास्थ्य कोष व्यवस्थापन कार्यविधि २०७४ पारित गरी लागू गरिएको छ ।

### १.संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यबिधि निर्देशिकाको नाम "दिर्घरोग स्वास्थ्य कोष कार्यविधि २०७४" हो ।
(ख) यो कार्यबिधि आ.व.२०७४।०७५ मा लागू हुने छ ।

### २. परिभाषा

बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) "अस्पताल" भन्नाले नेपाल सरकारको स्वामित्वमा संचालन भएका सरकारी अस्पतालहरु र समय समयमा यस सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको निर्णयवाट तोकेका अस्पतालहरु सम्झनु पर्छ ।
(ख) "दिर्घरोग" वा "दिर्घरोगी" भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, सल्यक्रियाद्वारा उपचार गर्नु पर्ने अन्य रोग र यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थावाट उपाचार हुन नसक्ने तर अन्य सरकारी अस्पतालमा उपचार हुनसक्ने रोगहरु सम्झनु पर्छ ।
(ग) "कोष" भन्नाले यस कार्यविधि निर्देशिका वमोजिम दिर्घरोगी तथा विपन्न नागरिकलाई दिर्घ तथा कडा रोगको उपचारका लागि आर्थिक सहयोग प्रदान गर्न यस गाउँपालिकामा रहेको "दिर्घरोग स्वास्थ्य कोष" सम्झनु पर्छ ।
(घ) "कार्यविधि निर्देशिका" भन्नाले "दिर्घरोग स्वास्थ्य कोष व्यवस्थापन कार्यविधि २०७४" सम्झनु पर्छ ।
(ङ) "अन्य रोग"भन्नाले यस गाउँपालिका अन्तर्गत संचालनमा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने तर अन्य सरकारी अस्पतालहरुबाट उपचार हुन सक्ने यसै गाउँपालिकाको बासिन्दा त्यस्तो रोगी सम्झनु पर्छ ।

### ३.आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धमा :

दीर्घ रोग स्वास्थ्य कोषबाट आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धमा सम्वन्धित वडाको वडा समितिको सिफारिश, उपचार गर्ने वा उपचार गराएको अस्पतालको प्रिस्केप्सन वा सो सँग सम्वन्धित अन्य कागजात ,सम्वन्धित व्यक्तीको नागरीकता वा नावालक भए जन्मदर्ता प्रमाण पत्रको आधारमा गाउँ कार्यपालिकाको निर्णय वमोजिम उपचार खर्च उपलव्ध गराउन सक्नेछ ।

नोट :अन्य रोगको हकमा रकम निर्धारण गर्ने प्रयोजनको लागी यस समितीले आवश्यक ठानेमा बिज्ञ वा सम्वन्धित बिषयको जानकार व्यक्ती सँग सुझाव लिन पनि सक्नेछ ।

### ४.दिर्घरोग स्वास्थ्य कोषबाट सहयोग सम्बन्धि व्यवस्था :

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) सरुमारानी गाउँपालिकाबाट वार्षिक रुपमा दीर्घ रोग स्वास्थ्य कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोत

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोत

(२) कोषको सञ्चालन : यस कोषको रकम गाँउपालिका दीर्घ रोग स्वास्थ्य कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ अनुसार खर्च गरिनेछ ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम दीर्घरोगीहरुको सहयोगका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(४) लेखा परीक्षण: यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ ।

## ५.अभिलेख राख्नु पर्ने :-

१.आर्थिक अभिलेख राख्ने लेखा परिक्षण गराउने र अर्थिक क्रियाकलाप सँग सम्बन्धि अभिलेख लेखा शाखाले राख्ने छ ।
२.सिफारिस सँग सम्वन्धित अभिलेख स्वास्थ्य शाखाले राख्ने छ ।
३.उपचार आर्थिक सहायता उपलब्ध गराईएको संग सम्वन्धित अभिलेख प्रमुख प्रशासकिय अधिकृत कक्षमा राखीने छ ।

## ६.अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :

(१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।
(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

## ७.संशोधन तथा परिमार्जन सम्वन्धमा :

(१) गाँउपालिका (विपद) कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## ८.खारेजी तथा वचाउ:

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा "स्थानीय तहको शासन सञ्चालन सम्बन्धि आदेश २०७४", "स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४" को नियम तथा अन्य प्रचलित कानुन संग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ ।

Scanned with CamScanner

प्रस्ताव नं. २. योजना सम्वन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियो :

(क) यस सरुमारानी गाउँपालिकाभित्र यो आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने योजनाहरुको लगत इस्टिमेट यही माघ मसान्तभित्र गरिसक्नुपर्ने र सम्झौता फागुन ७ गतेभित्र गरिसक्नुपर्ने ।

(ख) सम्पन्न भएका योजनाहरुको तुरुन्त अनुगमन गरी भुक्तानी दिने ।

(ग) सम्झौता भएका योजनाको तुरुन्त काम सुरु गर्ने ।

(घ) वृहत खानेपानी बाहेकका अन्य योजनाहरु चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नुपर्ने ।

(ङ) रु १० लाख भन्दा कम बजेटका भएतापनि २ वा २ भन्दा बढी वडाहरु समेट्ने योजनाहरु गाउँपालिकाले सम्झौता गर्ने ।

प्रस्ताव नं. ३. पेश्की सम्वन्धमा ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाभित्र सम्पन्न गर्नुपर्ने देहायबमोजिमका योजनाहरुमा मात्र धरौटी नराखेतापनि २० प्रतिशत पेश्की रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

क) झीलिबांग पाडाफाल्ने खानेपानी मर्मत सम्भार वडा नं.१

ख) कालीवन बस्तीमा लिफ्ट खानेपानी निर्माण वडा नं. १

ग) ढाँड खानेपानी क्रमागत वडा नं. २

घ) ददेरी खानेपानी वडा नं. २

ङ) भुताहा खोला खानेपानी वडा नं. २

च) हंसपुर वृहत खानेपानी वडा नं.१,२,३,४ वडा नं. ३

छ) पुठाखोला खुंखुट्टी खानेपानी निर्माण वडा नं. ६

(ज) फोर्सावांग लिपट सिंचाइ योजना वडा नं. १

साथै रातामाटा बस्ती विद्युतीकरणका लागि वडा नं. ३ मा विनीयोजन गरिएको रु ३२०००० ।रकम मध्य रु १५००००। पेश्की स्वरुप दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४. म्याद थप सम्वन्धमा ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साथै यस गाउपालिकाका सम्पुर्ण वडाहरुमा समेत कार्यरत कर्मचारीहरु अमर विष्ट, केशव दर्लामी, दधिराम खनाल, ज्ञानुप्रसाद खनाल, सावित्रा के.सी.,कुमारी सोमै मगर, संगीता ग्वांग, मोहनलाल पाण्डे, रमा वाकवल, सुखदेव गौतम, मान वहादुर पल्ली, तुल बहादुर उलुंगे र टंक अर्यालको साबिककै जिम्मेवारी र सेवा सुविधालाई निरन्तरता दिनेगरी २०७५ आषाढ मसान्तसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

आगामी बैठक आवश्यकता अनुसार बस्ने गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

Scanned with CamScanner